आकाशवाणी

25-1-26  sun

मुख्य समाचार।

- राष्ट्रपतिले मतदान केवल राजनीतिक अभिव्यक्ति नभएर देशको लोकतान्त्रिक चुनावी प्रक्रियामा नागरिकको विश्वासको प्रतीक रहेको बताउनुभयो
- प्रधानमन्त्रीले देशवासीलाई, उद्योग र स्टार्टअप उद्यम-मा लागेका युवालाई, गुणवत्तामा जोड दिने  गर्नुभयो अपील
- गृहमन्त्री  अमित शाहले हिमाचल प्रदेशका मानिसलाई राज्य स्थापना दिवसको अवसरमा  दिनुभयो बधाई, अनि
- केन्द्रीय युवा मामिला र खेल मन्त्रीले विकसित भारत दुई हजार सैतालिसको लक्ष्य प्राप्त गर्नका लागि  ,युवाहरूलाई अघि  रहने आह्वान गर्नुभयो

---------

**नयाँ राष्ट्रपति-राष्ट्रीय मतदाता दिवस**

राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभयो, मतदान केवल राजनीतिक अभिव्यक्ति नभएर देशको लोकतान्त्रिक चुनावी प्रक्रियामा नागरिकको विश्वासको प्रतीक हो। नयाँ दिल्लीमा आज राष्ट्रीय मतदाता दिवस कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपतिले भन्नुभयो, मतदान यस्तो माध्यम हो, जसको माध्यमले नागरिकले आफ्नो आकाङ्क्षाहरू अभिव्यक्त गर्छन् । राष्ट्रपतिले भन्नुभयो, आजका मतदाता हाम्रो भोलीका भविष्य निर्माता पनि हुन् र त्यसैले सबै नागरिकले आफ्नो संवैधानिक दायित्वलाई ध्यानमा राख्दै आफिनो मताधिकारको प्रयोग गर्नु आवश्यक छ । मतदाता दिवसको यस वर्षको विषय छ - **मेरो भारत, मेरो भोट।**

## 23. प्रधानमन्त्री - मन की बात (1)

प्रधानमन्त्री नरेन्द्र मोदीले देशवासीलाई, विशेष गरी उद्योग र स्टार्टअप उद्यमहरूमा लागेका युवाहरूलाई, गुणवत्तामा जोड दिने अपील गर्नुभयो। आकाशवाणीबाट मन की बात कार्यक्रममा आफ्नो विचार साझा गर्दै श्री मोदीले भन्नुभयो, भारतको अर्थव्यवस्था विकसित हुँदैछ र पूरा विश्वको नजर भारतमा छ। उहाँले मानिस संग देशमा **विनिर्मित** प्रत्येक वस्तुको गुणवत्तामा सुधारको सङ्कल्प लिने आग्रह गर्नुभयो। प्रधानमन्त्रीले भन्नुभयो, चाहे कपड़ा होस् वा प्रौद्योगिकी, इलेक्ट्रोनिकी , वा केवल प्याकेजिङ्ग, लक्ष्य भारतीय उत्पाद सर्वोच्च गुणवत्ताको होस्।

प्रधानमन्त्रीले भन्नुभयो दस वर्ष पहिले जनवारी दुई हजार सोह्रमा भारतले स्टार्टअप इण्डियाको शुभारम्भका साथ यो महत्वकाङ्क्षी यात्रा शुरू गरिएको थियो। उहाँले भन्नुभयो आज भारत विश्वमा तेस्रो सबैभन्दा ठूलो स्टार्टअप व्यवस्था भएको देश बनेको छ। राष्ट्रीय मतदाता दिवसमा श्री मोदीले भन्नुभयो, मतदाता लोकतन्त्रको आत्मा हो। प्रधानमन्त्रीले देशमा मतदान प्रक्रियामा शामेल र लोकतन्त्रलाई जमीनी स्तरमा जीवन्त राख्नमा कार्यरत सबैको सराहना गर्नुभयो अनि युवाहरूलाई अठाह्र वर्षको भएपछि मतदाताका रूपमा पन्जीकृत हुने आग्रह पनि गर्नुभयो।

## 12. डब्ल्यूएचओ-अमरीका

विश्व स्वास्थ्य संगठनले भनेकोछ, संगठनबाट अलग हुने अमरीकाको फैसलाका लागि दिइएको कारण सही छैन। संगठनका महानिदेशक, **टेड्रोस एधेनोम घेब्रेयेसले** हिजो सोशल मीडिया प्लेटफर्ममा, यस कदमले अमरीका र विश्व कम सुरक्षित हुने चेतावनी दिनुभयो।

विश्व स्वास्थ्य संगठनका महानिदेशकले भन्नुभएकोछ, उहाँलाई अमरीकाले, भविष्यमा संगठनमा सक्रिय रूपले भाग लेन फेरी शुरू गर्ने आशा छ। उहाँले अमरीकाको अलग हुने सूचना पछि विश्व स्वास्थ्य संगठनको बयान पनि साझा गर्नुभयो। यस अघि अमरीकाका **राष्ट्रपति डोनल्ड ट्रम्पले** देशलाई विश्व स्वास्थ्य संगठनबाट अलग गर्ने कार्यकारी आदेशमा हस्ताक्षर गर्नुभएको थियो। संयुक्त राष्ट्रलाई दुई दिन पछि औपचारिक सूचना मिल्यो। संगठनको चार्टर अन्तर्गत, अलग हुने फैसला सूचना दिइएको एक वर्ष पछि लागू हुन्छ।

**45 पद्म पुरस्कार**

असाधारण योगदानका लागि , यस वर्ष पनि देशका कुना-कुनाबाट आएका नायकहरूलाई पद्म पुरस्कारले सम्मानित गरिदैछ। प्राप्त जानकारी अनुसार, सरकारले पद्म श्री पुरस्कारका लागि चौवन्न जना मानिसलाई चयन गरेकोछ। यी पुरस्कार विजेताहरूले व्यक्तिगत कठिनाइहरू र त्रासदीहरूको सामना गर्दै केवल आफ्नो क्षेत्रमा उत्कृष्टता हासेल नगरेर, समाज सेवामा पनि उल्लेखनीय योगदान दिए। यस सूचीमा **हीमोफीलिया** जस्तो स्थानीय स्वास्थ्य समस्याहरूमा काम गर्ने डाक्टर र भारतको पहिलो मानव दूग्ध ब्याङ्क स्थापित गर्ने नवजात शिशु विशेषज्ञ पनि शामिल हुनुहुन्छ।

**7-पश्चिम बंगाल-एसआईआर**

पश्चिम बङ्गालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण-एस.आई.आर. संग सम्बन्धीत प्रशासनिक उपाय कडा गरिएकोछ। कोलकातामा मुख्य चुनाव अधिकारी कार्यालयले सबै

जिला चुनाव अधिकारीहरूलाई सुनवाईमा पेश गरिएको **एस.आई. आर.** संग सम्बन्धित सबै रिपोर्ट र दस्तावेज निर्वाचन आयोगको **ई.सी.आई.** नेट पोर्टलमा उसै दिन अपलोड गर्ने निर्देश दिएकोछ। मुख्य चुनाव अधिकारीको कार्यालयबाट जारी पत्रका अनुसार, गलत प्रविष्टीहरू र विसंगतीहरू संग सम्बन्धित धेरैजसो  मामिलाको सुनवाई पहिला नै पूरा भएकोछ तर, यो सुनवाईको निस्तारण संग सम्बन्धित जानकारी र दस्तावेज पोर्टलमा अपलोड़ गरिएकोछैन । **यसलाई ध्यानमा राख्दै सबै निर्वाचन पन्जीकरण अधिकारीहरू र सहायक निर्वाचन पन्जीकरण अधिकारीहरूलाई ताजा जानकारी अपलोड गर्ने स्पष्ट निर्देश दिइएकोछ।**

**गृहमन्त्री-हिमाचल**

गृहमन्त्री अमित शाहले देवभूमि हिमाचल प्रदेशका मानिसलाई राज्य स्थापना दिवसमा बधाई दिनुभयो। एउटा सोशल मीडिया पोस्टमा श्री शाहले राज्यको प्राकृतिक सौन्दर्य, आध्यात्मिक चेतना र सांस्कृतिक गौरवलाई रेखाङ्कित गर्नुभयो । गृह मन्त्रीले राज्यका लागि विकास, समृद्धि र प्रगति पथमा निरन्तर अग्रसर रहने कामना गर्नुभयो।

**53 माण्डविया विकसित भारत**

केन्द्रीय युवा मामिला र खेल मन्त्री डा० मनसुख माण्डवियाले विकसित भारत दुई हजार सैतालिसको लक्ष्य प्राप्त गर्नका लागि  युवाहरूलाई अघि  रहन आह्वान गर्नुभयो। उहाँले  आज कराईकलमा नेशनल इन्स्टीटीयूट अफ टेक्नोलोजी- **एन.आई.टी-मा** विकसित **भारत-यंग लीडर्स मीट-मा** छात्रहरूलाई सम्बोधन  गर्दै भन्नुभयो, स्वतन्त्रताको शताब्दी

सम्म विकसित भारतको निर्माणमा युवाहरूको भागीदारी महत्वपूर्ण छ ।

55 शिवराज - अभिनंदन समारोह

ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले भन्नुभएकोछ, **दीनदयाल अन्त्योदय योजना-राष्ट्रीय ग्रामीण आजीविका मिशन अन्तरगत महिला स्वयं सहायता समूह-हरूलाई** बाह्र लाख करोड़ रुप‍िय‍ा‍ँ भन्दा अधिकको ऋण वितरण गरिसकिएकोछ। श्री चौहानले नयाँ दिल्लीमा **'समृद्ध दीदी से समृद्ध राष्ट्र'** समारोहमा यसो भन्नुभयो । यस समारोहको आयोजन‍ा लखपति दीद‍ीहरूलाई सम्मानित गर्नका लागि गरिएको थियो । यस वर्ष गणतन्त्र दिवस समारोहमा लखपति द‍िद‍ीहरू विशेष अतिथिका रूपमा आमन्त्रित छन् । श्री चौहानले भन्नुभयो, अब दस करोड़ महिलाहरू स्वयं सहायता समूहसंग ज‍ोड़ीएका छन् र सरकारको लक्ष्य तिन करोड़ लखपति दीद‍ीहरू तयार गर्नु हो ।

**श्री चौहानले मन्त्रालयको भविष्यको योजनामा पनि प्रकाश पार्नुभयो । उहाँले भन्नुभयो, बुनियादी ढा‍ँचा र प्रशिक्षणका लागि अतिरिक्त आठ लाख करोड़ रुप‍िय‍ा‍ँ उपलब्ध गराइएकोछ र अब महिलाहरूले व्यक्तिगत ऋण पनि प्राप्त गर्न सक्छन् । श्री चौहानले भन्नुभयो , महिलाहरूलाई आफ्नो उत्पादको विपणनमा सहायताका लागि सबै राज्यमा सरस मेल‍ाको आयोजना गरिनेछ। उहाँले लखपति दीद‍ीहरूसंग, समावेशी र आत्मनिर्भर ग्रामीण विकासका लागि धेरै भन्दा धेरै महिलाहरूलाई सरकारी योजनासंग जोड़‍ीने अपील गर्नुभयो ।**